# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# पाटन नगरपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७६।७७ मितिः २०७७/०३/२८

च.नं. ५४८

विषयः लेखापरीक्षण प्रतिवेदन ।


श्री प्रमुखज्यू,
पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं ५४९

मिति: २०७७/३/२८

श्री नगरप्रमूखज्यू,
पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
पाटन, वैतडी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले पाटन नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रु. १ करोड ३५ लाख ८० हजार बेरुजु कायम भएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. २ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु. २५ लाख ३६ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु.१ करोड ७ लाख ७६ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/५/२९** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १५ यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# पाटन नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय एव उद्देश्यः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्धहुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागिता मूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभपुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक कियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

| **आ.व. २०७५।७६** एकिकृत बार्षिक आर्थिक विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | आय | रकम | सि.नं. | व्यय | रकम |
| १ | गतवर्षको जिम्मेवारी | | १ | वित्तिय समानीकरण संघीय | १०२७०००००।०० |
| | ख) बैंक | १५१४६९४०।४२ | २ | सर्सत अनुदान | २१०९७०५२७।०३ |
| २ | क)८०१३६६३ वित्तीय समानीकरण (संघ) | १०२७०००००।०० | | समपुरक अनुदान | १०५७३३०।०० |
| | ख) सशर्त अनुदान | २२०४१९०००।०० | | क) ३६५८०९४ झोलंगे पुल कार्यक्रम | २२५८१६।०० |
| | ग) समपूरक अनुदान | १९१५६०००।०० | | ख) ३६५१५८३ प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५०००।०० |
| | ग) राजस्व बाँडफाड संघीय | ६५३४३९७१।०६ | | ग) ३६५०१५३ जेष्ट नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा | ४६९३५८००।०० |
| | ख) राजस्व बाँडफाँड, मालपोतबाट प्राप्त | ७५१९४०।०० | | घ) ३६५१६०३ स्थानीय पुर्वाधार विकास साझेदारी | ४५२९९८७०० |
| | ज) ३६५८०९४ झोलंगे पुल कार्यक्रम | १४००००००।०० | | ङ) ३६५८४७३ बहुक्षेत्रिय पोषण कार्यक्रम | १५८७३५७०० |
| ३ | ङ) ३६५१५८३ प्रदेश तथा स्थानीय तह क्षमता | ३०५०००।०० | | च) ३७११०८३ प्रधानमन्त्री राजगार कार्यक्रम | ४९९५४९८।०० |
| | छ) ३६५०१५३ जेष्ट नागरिक दिर्घ सेवा सम्मान | ४७६२४०००।०० | | छ) ३२५१०६४ पर्यटन पुर्वाधार विकास कार्यक्रम | ४९०५४७६।०० |
| | झ) ३६५१६०३ स्थानीय पुर्वाधार विकास | ४९५००००।०० | | ज) राजस्व बाँडफाड संघीय | ६५३४३९७१।०६ |
| | झ) ३६५८४७३ बहुक्षेत्रिय पोषण कार्यक्रम | १६०७०००।०० | | क) आन्तरिक श्रोत | ६६१२८३४।१० |
| | च) ३७११०८३ प्रधानमन्त्री राजगार कार्यक्रम | ५५३६०००।०० | | क) प्रदेश अनुदान खर्च | ११७२५९२३।८८ |
| | ञ) ३२५१०६४ पर्यटन पुर्वाधार विकास कार्यक्रम | ५००००००।०० | | गतविगत देखि बाकी आन्तरिक स्रोत | ०० |
| | क) आम्दानी (गतबर्ष, जि.स.स.फिर्ता गर्न बाकी, बेरुजु समेत) | ३१७५५२७८० | | विभिन्न कोष तर्फको जम्मा खर्च | १६८८५००।०० |
| | क) गतविगत बर्षको बेरुजु आम्दानी | ०० | | धरौटी खर्च | ७०३७५८।०० |
| ४ | क)वित्तीय समानीकरण अनुदान (प्रदेश) | ७३२८०००।०० | | ख) बैंक मौज्दात | ०० |
| | घ) विशेष अनुदान | ४२००००००।०० | | मुल संचित कोष मौज्दात | ३३८०९६१।७२ |
| | ङ) प्रोत्साहन अनुदान | १५८४०००।०० | | चालु खर्च खाता मौज्दात | २०६१९६४६।०० |
| | घ) राजस्व बाँडफाड प्रदेश | १९२२४८६।८९ | | पुजीगत खर्च खाता मौज्दात | २२८६८७३८।३८ |
| ६ | विभिन्न कोषतर्फको जम्मा आम्दानी | २९३८२८१।०० | | स्थानीय तह धरौटी खाता मौज्दात | १८२४८१६।५९ |
| | जिल्ला समन्वय गर्न बाकी | ०० | | दैविक प्रकोप कोष खाता मौज्दात | ७६५०० |
| १० | धरौटी आम्दानी (गतबर्षको जिम्मेवारी समेत | २५१८५७४।५९ | | कर्मचारी कल्याणकारी कोष खाता मौज्दात | ८७३२८१ |
| १२ | अन्य विविध आय युनिसेफबाट प्राप्त | ६२५०००।०० | | अत्यावश्यक रिफरल कोष खाता मौज्दात | १००००० |
| | | | | माहामारी नियन्त्रण कोषखाता मौज्दात | २००००० |
| | जम्मा | ५१४२३१७२१।७६ | | जम्मा | ५१४२३१७२१।७६ |

| राजस्वशीर्षक नं. | लगत (हसवली समेत) | असूली | दाखिला | नगदबांकी | लगत बांकी |
|---|---|---|---|---|---|
| १५११२ | १००६५९९६।९० | १००६५९९६।९० | १००६५९९६।९० | | |

**कार्यालय:-** पाटन नगरपालिका, पाटन बैतडी ।                                    **आर्थिक वर्ष :**२०७५।७६

| सि.नं. | भौ.नं. र मिति | **लेखापरीक्षणबाट देखिएका व्यहोराहरु** | रकम |
|---|---|---|---|
| १. | | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन :**<br>**बजेट स्वीकृत :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन,२०७५ नगर सभाबाट मिति २०७५।०६।१८ गते स्वीकृत भएको छ। नगर सभाबाट नीति तथा कार्यक्रम र बजेट ढिलो गरी पास भएको अवस्थामा नगरपालिकाले विकास निर्माणतर्फ समयमै खरिद व्यवस्थापन गरी कार्य सम्पन्न गर्न समय लाग्ने देखिन्छ । ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक वर्षको असार १० गते भित्र बजेट पास गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २. | | **अख्तियारी :-** सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगरप्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगरसभा तथा कार्यपालिकाले विनियोजित बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको छैन । समयमै बजेट खर्च गर्ने अख्तियारी दिई प्रमुख प्रशासकिय अधिकृतलाई कार्य सम्पादन प्रति जिम्मेवार बनाउनु पर्दछ । | |
| ३. | | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानियस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनाहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजि प्रकृतिका योजनाहरु रहेका छन । बजेट तथा कार्यक्रम स्वीकृत गर्दाको समयका योजना तथा कार्यक्रमको रकम समेत आर्थिक वर्षको अन्तमा रकमान्तर गरी स-साना योजना र वितरणमुखि कार्यक्रममा खर्च भएको स्थिति छ । नगरपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादनमूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |

| | | | |
|---|---|---|---|
| ४. | | **श्रोतको अनुमान तथा बजेट सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा नगरपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । नगरपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ५. | | **लेखा ढाँचा :-**सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँलेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भैसकेको अवस्थामा नगरपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन । | |
| ६. | | **स्थानीय संचित कोष :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकि बाँकि रहेको रकम आर्थिक वर्षको अन्तमा नगरपालिकाको संचित कोषमा स्वत : जम्मा हुनेछ भन्ने व्यवस्था छ । नगरपालिकाले मूलकोषबाट निकासा लिई खर्च खातामा आम्दानी गरी खर्च गर्ने गरेको छ । आर्थिक वर्षको अन्तमा संघीय संचित कोष तथा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकमबाहेक अन्य शिर्षकहरुको बाँकि रकम स्वतःनगरपालिकाको संचित कोष (मूलखाता) मा जम्मा हुनुपर्नेमा सो अनुसार जम्मा भएको छैन । नगरपालिकाले ऐनले गरेको व्यवस्था बमोजिम स्वत : संचित कोषमा जम्मा हुने व्यवस्था गर्नुपर्दछ । | |
| | | **नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहायबमोजिम छन्:** | |
| ७. | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलितकानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको | |

<table>
<tr><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td></td><td>जिन्सी व्यस्थापन :- सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावद्यिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो कार्यालयमा रहेका जिन्सी मालसामानको अद्यावद्यिक विवरण तयार गरी जिन्सी मूल्यांकन गरि राखेको छैन । नियमले गरेको व्यवस्था बमोजिम जिन्सी मालसामानको अद्यावद्यिक विवरण तयार गरी जिन्सी मालसामानको मूल्यांकन गरी प्रतिवेदनलिई राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td></td><td>तलबि प्रतिवेदन :-नगरपालिका र नगरपालिका अन्तर्गतका स्वस्थ्य,  कृषि, महिला लगायत सबै निकायमा कार्यरत स्थायी कर्मचारीको वार्षिक रुपमा तलवि प्रतिवेदन पास गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । नगरपालिले यो वर्ष कसैको पनि तलवि प्रतिबेदन पास नगरी रु.३०४९५१६८।- तलब भत्तामा खर्च लेखेको छ । नियमको पालना गरी तलवी प्रतिवेदन पास गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td></td><td>दरवन्दी र पदपूर्तिको विवरण : नगरपालिकामा स्वीकृत भएको दरवन्दी अनुसार पदपूर्ति भएको हुनुपर्दछ । नगरपालिकामा देहाय बमोजिम दरबन्दि र पदपूर्ति भएको विवरण पेश भएको  छः । दरवन्दी र पदपूर्तिको विवरण अनुसार विभिन्न २२ पद रिक्त देखिएकोले सम्बन्धित निकायबाट पदपूर्ति गराई स्थानीय सरकारबाट जनतालाई उपलब्ध हुने सेवा सुविधा चुस्त र दुरुस्त हुनुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र.सं</th><th rowspan="2">स्वीकृत पद</th><th rowspan="2">संख्य ा</th><th colspan="4">पदपूर्ति</th><th rowspan="2">रिक्त पद</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>संघीय सरकाबाट सरुवा</th><th>साबिक स्थानीयनिकाय माकार्यरत</th><th>आन्तरिक पदपूर्ति</th><th>जम्मापद पूर्ति</th></tr>
<tr><td></td><td>३२</td><td>५८</td><td>१८</td><td>३</td><td>१५</td><td>३६</td><td>२२</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>११.</td><td></td><td>गुरुयोजना तथा वार्षिक योजना :-सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा नियमावली,२०६४ को नियम ८ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य प्रकृतिको आधारमा १० करोड भन्दा बढीको खरिदको हकमा गुरुयोजना र वार्षिक रुपमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले सो ऐन तथा नियमावली</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | बमोजिम गुरुयोजना तथा खरिद योजना बनाएको छैन । | |

१२.

**नगरपालिका (चालु)**

**स्थानीय तहका पदाधिकारी सुबिधा** : नेपालको संबिधानको धारा २२७ मा गाँउ सभा तथा नगरर सभाका सदस्यले पाउने सुबिधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यबस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको व्यबस्था अनुसार पाटन नगरपालिकाले देहायबमोजिम रु. ६३ लाख ६० हजार सुबिधा वापत भुक्तानी गरेको छ।

| सि. नं. | बिवरण | प्रमुखरअध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष १० जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३७ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुबिधा | ३५०००० | ३०००० | १९८०००० | ५४००० | २१३००० | ५३००००० |
| २ | संचार सुबिधा (मासिक दरमा) | १६०० | १५०० | ७००० | ०० | ०० | १०१०० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | १५०० | १५०० | १५००००० | ९००० | ०० | १६२००० |
| ४ | खाजाभत्ता (मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ५ | पुस्तकपत्रपत्रिका (मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ६ | अनुगमनभत्ता (मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ७ | खानेपानी, बिजुलीमहसुल (मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ८ | सरसफाई, मर्मत (मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ९ | अतिथि सत्कार (मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० |
| १० | यातायातखर्च (मासिक) | ०० | ०० | ०० | ०० | ०० | ०० |
| | जम्मा | ३८१०० | ३३००० | ३५५०००० | ६३००० | २१३००० | ७०२१०० |

नगरपालिकाको आन्तरिक आय रु.२५,००,०००।- मात्र रहेको अवस्थामा राजस्व बाँडफाँड अन्तर्गत पदाधिकारीको पारिश्रमिकमा रु.६७,३२,०००।- विनियोजन गरी पदाधिकारीको पारिश्रमिकमा रु.६३,६०,०००।- खर्च भएको छ । नगरपालिकाले आफ्नो आन्तरिक श्रोत वृद्धि गरी ऐनको मनसाय बमोजिम आन्तरिक श्रोतको आधारमा मासिक पारिश्रमिक दिने व्यवस्था गर्नु पर्दछ ।

१३.

**सम्झौतामा रकम उल्लेख नगरेको :-**सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा सार्वजनिक निकायले उपभोक्ता समिति मार्फत कार्य गराउँदा काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नु पर्ने वाव्यहोर्ने रकम खुलाई सार्वजनिक प्रस्ताव माग गरी नियममा भएको व्यवस्था बमोजिम सम्झौता गर्नुपर्ने

व्यवस्था गरेको छ । कार्यालयले उपभोक्ता समिति मार्फत काम गराउँदा सम्झौतामा आयोजनाको नाम, कार्यालयले व्यहोर्ने रकम उपभोक्ताले व्यहोर्ने लागत उल्लेख गरी सम्झौता गरेको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार उपभोक्ताले व्यहार्ने अंश समेत खुलाई सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ताको अंश नखुलाई सम्झौता गरेको केहि उदाहरण निम्न छन् :-

| भौ.नं. र मिति | उपभोक्ता समितिले संचालित ल.ई. योजना |
|---|---|
| १९।०७५।१०।१७ | कैपालमन्दिर निर्माण उ.स. पाटन- १० रु. १२८४०६०।- |
| २८।०७५।११।१ | लाटा देवता भण्डार घर निर्माण पाटन-३ रु. १००८१५३।- |
| ३०।०७५।११।६ | ७ नं. वडा कार्यालय भवननिर्माण पाटन-७रु. २२५०९९४।- |

१४. **म्याद थप** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम सार्वजनिक खरिद कार्य संझौता बमोजिमको म्याद भित्र सम्पन्न गर्नुपर्ने र उक्त अवधिमा बिशेष परिस्थितिका कारण कार्य सम्पन्न गर्न नसकेमा म्यादथप गर्न सकिने व्यबस्था छ। यो बर्ष संचालित ठेक्कामा म्याद थप स्थिति देहाय बमोजिम छः

| क.सं. | कार्यक्रमको नाम | जम्मा ठेक्का सङ्ख्या | म्याद थप भएको ठेक्का सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | शुरु अवधिको ५०% सम्म थप | शुरु अवधिको ५१ देखि १००% सम्म थप | शतप्रतिशतभन्दा बढी अवधि थप |
| | नगरपालिका भवन | १ | – | १ | – |

१५. **कन्टेन्जेन्सी खर्च**: सार्वजनिक निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशत रकम सम्म मात्र कन्टीन्जेन्सीमा खर्च गर्न पाउने व्यबस्था छ। सार्वजनिक निर्माण कार्यको कन्टिन्जेन्सी खर्च सम्बन्धी अभिलेख नगरपालिकाले नराखेको कारण कन्टेन्जेन्सी खर्च नियम बमोजिम भएको छ भन्ने स्थिति छैन ।

**कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-**

**<u>जेष्ठ नागरिक दिर्घ सेवा सम्मान</u> (३६५०१५३)**

१६ **मृतकलाई भुक्तानी :-** सामाजिक सुरक्षा भत्ता वितरण निर्देशिका, २०७३ अनुसार सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्दा मृत्यु भएका नागरिकहरुको अभिलेख दुरुस्त राखि मृतकको लगत कट्टा गरी बाँकिलाई भत्ता वितरण गर्नुपर्दछ । नगरपालिका कार्यालयले मृत्यु दर्ता अभिलेखमा दर्ता भएको देहायका जेष्ठ नागरिक तथा विधुवालाई नपाउने रु.१०८००।– बैंकमा पठाई खर्च लेखेको देखियो । उक्त रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्दछ । १०८००।-

| भौ.नं. र मिति | विवरण | पाउने रकम | भुक्तानी रकम | बढी रकम |
|---|---|---|---|---|
| १२।०७६।८।१४ | वडा नं.१ स्व. मदनचन्द्र ना.प्रा.१०९३ मृत्यु ०७५।९।२५ | ४००० | ८००० | ४००० |
| १५।०७६।३।१० | वडा नं.१ स्व. पदम सिंह रावल ना.प्रा.७३४०३०।३३० मृत्यु ०७५।११।२५ | २००० | ८००० | ६००० |
| | वडा नं.२ आयनसिंह वि.क. खाता नं. ०८२३९००८७०४८४०११ कृषिविकास बैंक, पाटनमा मौज्दात | | | ८०० |
| जम्मा | | | | १०८०० |

१७ **सर्शत अनुदान (शिक्षा)**

**विद्यालय निकासा खाता :-** कार्यालयले नगरपालिका भित्रका मा.वि १४, नि.मा.वि.२०, प्रा.वि.२९ र बालविकास १ गरी जम्मा ६४ विद्यालयहरुलाई तलब भत्ता, प्रशासनिक खर्च, छात्रवृति, भवन निर्माण आदिमा निकासा गरेको रकम विद्यालय वाइज अभिलेख देखिने गरी निकासा खाता अद्यावधिक गरी अभिलेख राख्नु पर्नेमा राखेको छैन ।

१८ **सशर्त कार्यक्रम (स्वास्थ्य)**

**प्रसुति सेवा संचालन :-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको कार्य संचालन मार्गदर्शन २०७५।७६ मा परिवार स्वास्थ्य कार्यक्रममा उल्लेख भए अनुसार करारमा अ.न.मी नियुक्त गर्दा प्रसुति केन्द्र (Birthing centre) हरुमा २४ सै घण्टा प्रसुति सेवा संचालन गर्ने गरी व्यवस्थापन गर्ने, करार सेवा सम्झौता अनुसार TOR बनाई अनुभवि अ.न.मी. लाई प्राथमिकता दिनुपर्ने, बढी प्रसुति केस भएको ठाँउमा पठाउने, वार्षिक ५ जना भन्दा कम प्रसुति केस भएको ठाँउमा नपठाउने व्यवस्था गरेको छ । प्रसुति सेवामा गुणस्तरमा कमि नहोस भनि मासिक तलब रु.२२१७०।- निर्धारण गरिएको छ । नगरपालिकाले यस कार्यक्रममा (Birthing centre) बाहेकका स्वास्थ्य संस्थामा समेत यस कार्यक्रमबाट अ.न.मी. नियुक्त गरी पठाएको छ । वार्षिक ५ जना भन्दा कम केस भएको ठाँउमा समेत अ.न.मी. नियुक्त गरेको, कार्यक्रमले रु. २२१७०।- मासिक तलब उपलब्ध गराउनु पर्नेमा मासिक रु.१६०००।- मात्र उपलब्ध गराएको छ । निर्देशिकाले गरेको व्यवस्था बमोजिम प्रसुति सेवालाई अरु बढी प्रभावकारी हुने किसिमबाट कार्यक्रम संचालन गर्नुपर्दछ ।

१९ **न्यानो झोला :-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यक्रम निर्देशिका ,२०७५।७६ ले नगरपालिकले प्रसुति हुन आउने महिलाको लागि डिस्चार्ज भएको समयमा नै न्यानो झोला प्राप्त गर्ने किसिमले खरिद प्रकृया मिलाउनु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले मिति २०७५।०८।१२ मा ३८८ थान न्यानो झोला प्रति झोला रु.७८५।- (vat बाहेक) मा खरिद गरेको छ भने आर्थिक वर्षको अन्तमा २०७६।०३।३१ मा ३०० थान प्रति झोला रु.८८४।- (vat बाहेक) को दरले रु.२६५२००।- खरिद गरेको छ । खरिद गरेका सबै न्यानो झोला

| | | | |
|---|---|---|---|
| | | कार्यान्वयनमा मौज्दात खरिद रहेको र बढी दरमा समेत खरिद गरी बढी व्ययभार पारेको रु.................. | २६५२००।- |
| २० | | **कार्यक्रम फरक परेको :-**७०७५।०८।२ स्वीकृत वार्षिक बजेट बमोजिम जुन कार्यक्रको बजेट हो सोहि बजेटको सीमा भित्र रही खरिद कार्य गर्नुपर्दछ । नगरपालिकाले शहरी स्वास्थ्य क्लिनिक केन्द्र संचालन खर्च अन्तर्गतको रु.४२२,२१०।- रकम बाट औषधि खरिद गरी सबै स्वास्थ्य संस्थामा वितरण हुने गरी खरिद गरेको छ । शहरी स्वास्थ्य केन्द्र संचालन गर्ने बजेटबाट औषधि खरिद गरेको कार्यक्रसंग सम्बन्धित नभएकोले उक्त कार्यलाई नियमित गराउनु पर्द छ । | ४२२२१०।- |
| २१ | | **औषधि खरिद :-** स्थानीय तहको लेखापरीक्षण सम्बन्धित निर्देशिका,२०७६ मा नि :शुल्क औषधिको आवश्यकता पहिचान गरेको, औषधि खरिद कार्य नियम सम्मत रहे नरहेको र आर्थिक वर्षको अन्तमा खरिद भए नभएको विषय लेखापरिक्षणको क्षेत्रभित्र पर्ने व्यहेरा उल्लेख गरेको उल्लेख गरेको छ । नगरपालिकाले औषधि खरिद तर्फ रु.३५ लाख बजेट व्यवस्था भएकोमा रु.१३७९६४४।- बराबरको औषधि बोलपत्रद्वारा खरिद गरेको छ । खरिद कार्य ठेक्का व्यवस्थापनमा लामो समय खर्च भएको कारण आर्थिक वर्षको अन्तमा औषधि आपूर्ति भएको छ । बाँकि रकमको औषधि सोझै खरिद भएको छ । सम्बन्धित स्वास्थ्य संस्थामा समयमा नै औषधि सप्लाई गर्न सकिने किसिमले औषधिको खरिद व्यवस्थापन गर्नुपर्ने देखिएको छ । माग तथा आवश्यकताको पहिचान गरेर मात्र खरिद कार्य अगाडि बढाउनु पर्दछ । | |
| २२ | | **नगरपालिका (चालु)**<br>**नगर स्वयं सेवक शिक्षक :-** २६५।०७६।०३।१ नगर कार्यपालिकाले नगर स्वयं सेवक शिक्षक तथा परीक्षा कार्यक्रमको लागि रु.१२,००,०००।- बजेट विनियोजन गरेको छ । बजेट विनियोजनमा राजस्व बाँडफाँड तथा वित्तिय समानिकरण कुन शिर्षकबाट खर्च लेख्ने उल्लेख गरेको छैन । वित्तिय समानिकरणबाट शिक्षकको तलब भत्तामा खर्च लेख्न नमिल्ने व्यवस्था कानूनमा गरिएको छ । वित्तिय समानिकरण र राजस्व बाँडफाँडको चालु एउटै शिर्षकबाट खर्च भएको अवस्था छ । आर्थिक वर्षको अन्तमा नगरपालिकाले आधारभूत विद्यालय ११५ दरबन्दीको लागि प्रति दरबन्दि रु.६,०००।- को दरले १२ महिनाको, माध्यमिक तर्फ ९ दरबन्दिको लागि प्रति दरबन्दि रु.८,०००।- को दरले १२ महिनाको र क्याम्पस तहमा १६ दरबन्दिको लागि रु.१३,०००।- को दरले १२ महिनाको लागि गरी रु.४२०४५१।- निकासा दिएको छ । आर्थिक वर्षको अन्तमा दिएको निकासाले सम्बन्धित विद्यालयको सम्बन्धित शिक्षकले सो रकम पाएको प्रमाण पेश गर्नपर्दछ । | ४२०४५१ |
| २३ | | **नगरस्तरिय कृषि तथा पशु कार्यक्रम :-**नगरपालिकाको स्वीकृत कार्यक्रममा नगर स्तरीय कृषि तथा पशु कार्यक्रममा रु.१,०३,६२,२४०।- विनियोजन गरेको छ । नगर स्तरीय कृषि तथा पशु कार्यक्रम भित्र के कस्ता कार्यक्रम गर्ने हो सो को विस्तृत कार्ययोजना तयार गरेको छैन । एक मुष्ठ विनियोजन गरेको रकममा कार्यपालिकाको मिति २०७६।०२।१६ गतेको निर्णयबाट प्रत्येक वडामा १।१ वटा साना सिंचाई योजनामा रु.२,५०,०००।- को दरले | |

नबढ्ने गरी रकम उपलब्ध गराउने निर्णय गरेको छ । त्यसै गरी रु.२०,००,०००।- पाटन बहुमुखि क्याम्पसलाई अनुदान दिएको छ । नगरपालिकाले दिर्घकालिन महत्वका योजनामा लगानी गर्ने प्रणालिको विकास गर्नुपर्दछ ।

२४

**शिक्षा**

**कार्यसम्पन प्रतिवेदनः-** शिक्षा तर्फको कार्यक्रम निर्देशिका २०७५।७६ मा विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट  विद्यालयको भौतिक निर्माणको लागि जाने रकमको कार्य सम्पन्न विवरण  पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष देहाय बमोजिमका विद्यालयलाई भौतिक संरचना/भवन निर्माणको लागि गएको रु.१,०२,००,०००।- बराबरको कार्य सम्पन्न पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नपर्दछ ।

| भौ.नं. र मिति | कार्यक्रम | विद्यालय | रकम रु. |
|---|---|---|---|
| २३।०७६।०२।२९ | भवन निर्माण(क्रमागत) | श्री निलपालेश्वर मा.वि | १८०००००।- |
| ३४।०७६।०३।२५ | शौचालय निर्माण | श्री जनपृथा आ.वि. | ७०००००।- |
| ३४।०७६।०३।२५ | शौचालय निर्माण | श्री भुमेश्वर मा.वि. ठाँड | ७०००००।- |
| ३४।०७६।०३।२५ | शौचालय निर्माण | श्री भगवती आ.वि. सुकेली | ७०००००।- |
| ३४।०७६।०३।२५ | विद्यालय भुकम्पिय सुरक्षा कार्यक्रम | श्री ज्ञानेश्वर मा.वि विजयपुर | १५०००००।- |
| | जम्मा | | ५४००००० |

५४०००००

२५

**रकमान्तर :-**यस आर्थिक वर्षको  लागिशुरुमा प्रस्ताव गरि स्वीकृत गरिएको कार्यक्रममा खर्च नभएको कारण नगरसभाले आर्थिक वर्षको अन्तमा स-साना योजनामा रकमान्तर गरी खर्च गरेको छ । योजनालाई छुट्याएको रकमबाट रकमान्तर गरी वितरणमुखि  कार्यक्रममा खर्च भएको केहि उदाहरण देहाय बमोजिम छन् ।

| शिर्षक | प्रस्तावित योजना तथा कार्यक्रम | बजेट | संशोधन गरिएको कार्यक्रम |
|---|---|---|---|
| आर्थिक विकास | कृषि औजार विउ विजन फलफूल बोट विरुवा खरिद तथा पशुपालन सम्बन्धि अभिमुखिकरण | ३५७००० | कृषि औजार, हाते ट्याक्टर र थ्रेसर मेशिन खरिद |
| | नगर स्वयं सेवक शिक्षक | ४५०००० | खाडपे खोड्पे खानेपानि लिफटिङ गर्न लाग्ने मेशिन खरिद |
| सामाजिकविकास | सामाजिक विकास,लैङ्गिक समानता, उज्याले सोलार | ५००००० | दमकल मर्मत, कानूनी सेवा |
| | सामाजिक विकास स्वास्थ्य | ३५०००० | कार्यालय अन्तर्गतको भवन मर्मत |

<table>
<tr><td>२६</td><td></td><td>कर्मचारी कल्याण कोष :-स्थानीय तह भित्रका कर्मचारीहरुको लागि भविष्यमा पर्न सक्ने आर्थिक दायित्वलाई व्यहोर्ने किसिमबाट कर्मचारी कल्याण कोषको व्यवस्था गरिएको हुन्छ । यो वर्ष नगरपालिकाले रु.२०,००,०००।-यस कोषमा जम्मा गर्नको लागि विनियोजन गरेको थियो । दिर्घकालिन रुपमा पर्न जाने दायित्वलाई व्यहोर्ने गरी विनियोजन गरिएको यस कोषको रकमबाट रु.३५५८२१।-मात्र कोषमा जम्मा भएको छ । बाँकि रकम अन्य भत्तातर्फ रु.६४०००।-, सवारी साधन भाडामा रु.५,००,०००।-,भ्रमण खर्चमा रु.५,००,०००।-र कार्यालय मर्मत सम्भारमा रु.१,३६,०००।- रकमान्तर गरी खर्च गरेको छ । भविष्यमा सिर्जना हुने दायित्वलाई सम्बोधन गरी छुट्याएको रकमबाट चालु प्रकृतिको कार्यमा खर्च गर्नु उपयुक्त होईन ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td>मूल्य अभिवृद्धि कर :- संघीय सरकार/नेपाल सरकारको आर्थिक विद्येयक,२०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले देहायबमोजिमको कार्यमा रु.११,५९,७७३।-बराबर मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा उपर्युक्त ऐन बमोजिम कट्टा गरी जम्मा नगरेकोले भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरेको प्रमाण पेश गर्नपर्दछ ।
<table>
<tr><td>भौ.नं. र मिति</td><td>ठेकेदारको नाम</td><td>कार्य</td><td>मूल्य अभिवृद्धि कर</td></tr>
<tr><td>४२२।०७६।०२।३१</td><td></td><td>नगरपालिकाको भवन</td><td>६६७६५०।-</td></tr>
<tr><td><u>संघीय सम्पुरक कोष</u></td><td></td><td></td><td></td></tr>
<tr><td>५।०७६।३।३१</td><td>वाण निर्माण सेवा (३००४५८२५१)</td><td>हरिचन टौलेश्वर वडा कार्यालय जोड्ने बाटो</td><td>२४८९६६।-</td></tr>
<tr><td>३।०७६।३।३१</td><td>प्रमोद कन्स्ट्रक्सन एण्ड सप्लार्यस (३००४६११०५)</td><td></td><td>२४३१५७।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११५९७७३।-</td></tr>
</table></td><td>११५९७७३।-</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २८ | | **नगरपालिकाको भवन** :-सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का अवधि भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन कार्य गराउनु पर्ने हुन्छ । मिति २०७३।१२।९ मा सम्झौता गरी कार्य गरेको नगरपालिकाको भवनको कार्य अवधि म्याद थप समेत गरी २०७६।०३।३० सम्म रहेको देखिन्छ । सो भवन निर्माण कार्यको लागि रु.२,३५,२८,०१० ।-मा ठेक्का सम्झौता भएकोमा यो वर्ष रु.५८,०३,४१९ ।- भुक्तानी भई हाल सम्म रु.२,१३,१०,१०९ ।- भुक्तानी भएको छ ।<br><br>*तस्वीरः नगरपालिकाको भवन*<br>लेखापरिक्षण अवधि २०७६।०५।१० सम्म सो भवनको म्याद थप तथा कार्य सम्पन्न भएको छैन । ठेक्काको म्याद थप नभएको र कार्य सम्पन्न हुन बाँकि रहेकोले नियमानुसार भवनको निर्माण कार्य छिटो सम्पन्न गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । | |
| २९ | | **पदाधिकारी तथा कर्मचारीको दैनिक भ्रमण भत्ता** :-४३६।०७६।०३।३१ नगरपालिकाले पदाधिकारी तथा कर्मचारीको विभिन्न समयमा विभिन्न कार्यमा गएको समयको दैनिक भ्रमण भत्ता स्वरुप रु.१२,२७,६५७-खर्च लेखेको छ । दैनिक भ्रमण भत्ता भुक्तानी पाउने गरी काममा खटाएको अवस्थामा के कुन कामको लागि खटाएको हो, खटाएको समयमा सो कार्य सम्पादन भयो भएन सो को प्रतिवेदन समेत नगरपालिकाले लिनु पर्दछ । कार्य सम्पादन गरी आएको ३५ दिन भित्रमा पेश्की रकम भए पेश्की रकम सहित फछ्र्यौट गर्ने, पेश्की रकम नभएमा कार्य सम्पादन गर्दा लागेको खर्चको बिल भर्पाई संलग्न गरी तथा दैनिक भ्रमण भत्ता स्वरुप कार्य सम्पन्न प्रतिवेदनलिई भुक्तानी गर्नुपर्दछ । नगरपालिकाले वर्ष भरिकै पदाधिकारी तथा कर्मचारीको भ्रमण आदेश र भ्रमण संकलन गरी मिति २०७६।०३।३१ खर्च लेखेको छ । भ्रमण कार्यको सम्बन्धित पदाधिकारी/कर्मचारीसंग भ्रमण प्रतिवेदन लिएको छैन । भ्रमण कार्यको भ्रमण अभिलेख समेत राखेको छैन । | |
| ३० | | **पेश्की बाँकिको अनुगमन** :-नगरपालिकाले पाटन बजार वृहत खानेपानी उपभोक्ता समिति पाटनलाई आ.व.२०७४।७५ मा रु.२४,३५,०००।-पेश्की उपलब्ध गराएको छ । वृहत खानेपानी योजना शुरु नै नभएको अवस्थामा गएको पेश्की रकमको अनुगमन गरी योजना सम्पन्न गर्ने तर्फ नगरपालिकाले पहल गरी पेश्की रकम फछ्र्यौट गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । | |
| ३१ | | **विशेष अनुदान (प्रदेश)**<br>**नियमको पालना नभएको** :-सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, | |

| | | | |
|---|---|---|---|
| | | मालसामान वा जुनसुकै सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । पाटन नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७६ को नियम ३२ मा २० लाख भन्दा बढीको निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले देहिमाण्डौ वसन्तपुर खण्डको cho+000-0+328 सम्मको सडकको सामान्य कामको लागि ३ वटा स-साना लागत अनुमान बनाई बोलपत्र छल्ने उद्देश्यले दरभाउ पत्रको माध्यमबाट कार्य गराई रु.२१,१३,६०४।- भुक्तानी भएको छ । तीन वटै प्याकेजको ठेक्का एउटै प्रमोद कन्स्ट्रक्सनले काम गरेको र लागत अनुमान बमोजिम गर्नपर्ने पुरा काम नभएको अवस्थामा जे जति काम भएको छ सोहि आधारमा कार्य सम्पन्न तयार गरी ठेक्का फरफारक गरिएको छ । कार्यपालिकाले मिति २०७६।०१।२७ मा दरभाउ पत्रको माध्यबाट निर्माण कार्य गराउने निर्णय गरेको छ । छोटो कार्य क्षेत्र रहेको (३२८ मी.) अवस्थामा एउटै ठेक्काबाट कार्य गराउन सकिने अवस्थामा बोलपत्र छल्ने उद्देश्यले सार्वजनिक खरिद ऐन तथा नियमावली विपरित गरेको देखिएकोले उक्त खरिद कार्यलाई नियमित गराउनु पर्दछ । | २११३६४०।- |
| ३२ | | **विपद व्यवस्थापन कोष**<br>**कार्ययोजना नभएको** :-नगरपालिकाले पेश गरेको आय व्यय विवरण बमोजिम यस विपद व्यवस्थापन कोषमा रु.१७६५०००।- जम्मा भएको छ । यस कोषबाट यो वर्ष नगरपालिकाले विपदग्रस्त कार्यक्रममा रु.१६८८५००।- खर्च गरेको छ । विपद व्यवस्थापनको कार्यविधि साथ प्रति कार्ययोजना तयार गरी यस कोषको रकम खर्च गर्नुपर्नेमा कार्यविधि तथा प्रति कार्य योजना तयार गरेको छैन । | |
| ३३ | | **सेवा प्रवाह** : नगरपालिकाबाट प्रवाह गरेको सेवाको बिववरण देहाय बमोजिम छः | |

| क.सं | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| | नागरिकता सिफारिस | ११९७ | ११३१ | |
| | घरबाटो सिफारिस | ३७३ | ३७३ | |
| | नाता प्रमाणित | ४९३ | ४९३ | |
| | जन्म, मृत्यु दर्ता | १६५० | १५९३ | |
| | अन्य | १०८५ | ९९८ | |

| | | | |
|---|---|---|---|
| ३४ | | **घर नक्शा पास र निर्माण कार्य सम्पन्न :** नगरपालिकाबाट घरको नक्सा पास र निर्माण सम्पन्न सम्बन्धी विवरण माग गरिए बमोजिमको विवरण भरि नआएकोले सो सम्वन्धि व्यहोर उल्लेख गर्न सकिएको छैन । | |

**आम्दानी**

३५ **आयको लेखाङकन** :-नगरपालिकाले विभिन्न श्रोतबाट प्राप्त हुने आम्दानीको श्रोत समेत खुल्ने गरी गोश्वारा भौचर खडा गरी आम्दानीको बैंक नगदि किताब तयार गर्नुपर्दछ । नगद प्राप्त भएकोमा नगदी रसिद मार्फत कारोबार गरी प्राप्त रकम तुरुन्त बैंक दखिला गर्ने, बैंकमा जम्मा भएको रकमको हकमा बैंक भौचर प्राप्त गरी सो को नगदी रसिद काटी हिसाब मिलान गरी अभिलेखाङ्कन गर्नुपर्दछ । नगरपालिकाले आम्दानी तर्फ बैंक नगदी किताब तयार गरेको छैन । नगदी रसिदको रसिद नियन्त्रण खाता राखेको छैन । यो वर्ष आम्दनी रु.२६०८१९५।- गरेकोमा सो को अभिलेख तयार गनुपर्दछ ।

३६ **न्युन आम्दानी** :-यो वर्ष नगरपालिकाले रु.२६०८१९५।- आम्दानी गरेको छ । सो आम्दनी मध्ये रु.१३०००।- भाडा बापत प्राप्त गरेको छ । नगरपालिकासंग देहायको मूल्य बराबरको डोजर तथा ट्रिपर भएको अवस्थामा अधिकतम रकम भाडा स्वरुप प्राप्त हुनु पर्नेमा नगन्य रुपमा भाडा प्राप्त गरेको छ । बढी भन्दा बढी आय प्राप्तहुने गरी हेभि इक्विपमेन्ट/गाडिको प्रयोग हुने विधि अपनाउनु पर्ने देखिन्छ ।

| गाडिको विवरण | प्राप्त रकम | खरिद मिति | अनुमानित आयु |
|---|---|---|---|
| हाइड्रोलिक ट्रिपर | २५९००००। | २०७२।०३।२९ | – |
| ब्याकहो लोडर | ३६७९०००। | २०७२।०३।१ | १० वर्ष |

३७ **आन्तरिक लेखा परिक्षण** :-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरिक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरिक्षण हुनु भन्दा अगावै सम्परिक्षण गराउनु पर्नेछ भने व्यवस्था छ । नगरपालिकले आफ्नो आयव्ययको आन्तरिक लेखापरिक्षण समयमा नै सम्पन्न गरी सो को प्रतिवेदन अन्तिम लेखापरिक्षण हुन भन्दा अगावै प्राप्त गरी सम्परिक्षण गराएको अवस्था छैन । ऐनले गरेको व्यवस्था बमोजिम स्थानिय तहले कानून बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण समयमा नै सम्पन्न गरी अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरिक्षणले औंल्याएको कैफियतहरुको सम्परिक्षण गरि सक्ने व्यवस्था अवलम्वन गर्नुपर्दछ ।

कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजु फछ्र्यौट गरेको नदेखिएकोले असूल फछ्र्यौट गर्नुपर्दछ ।

| | **आन्तरिक लेखापरीक्षण बेरुजुको व्यहोरा** | |
|---|---|---|
| ३५८।.... | सिदेश्वर कपिल बहुउदेश्य कृषि फर्म पाटन नगरपालिका १ साकारलाई खोर सुधार मर्मत वापत विल तथा नापि किताब बमोजिम रु.८०३१०।- भुक्तानी गर्नुपर्नेमा रु. ८३०००।-भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्दछ । | २६९०।- |

## नगरपालिकाको सञ्चित कोष विवरण

अनुसूची १

२०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय: समानीकरण अनुदान | आय: सशर्त तथा अन्य बजेट अनुदान | आय: अन्य आय | आय: जम्मा आय | व्यय: चालु खर्च | व्यय: पूजीँगत खर्च | व्यय: अन्य खर्च | व्यय: जम्मा खर्च | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | पाटन नगरपालिका | वैतडी | १५१४७ | १०२७०० | २२०४१९ | १७५९६६ | ४९९०८५ | ४५५७०४ | ६१९२ | २३९२ | ४६४२८८ | ४९९४४ |

अनुसूची २

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

२०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू: दफा स)ख्या सै. | प्रारम्भिक बेरुजू: दफा स)ख्या ल. | प्रारम्भिक बेरुजू: रकम | प्रतिक्रियाबाट फछ्यौट: दफा स)ख्या सै. | प्रतिक्रियाबाट फछ्यौट: दफा स)ख्या ल. | प्रतिक्रियाबाट फछ्यौट: रकम | बाँकी बेरुजू: दफा स)ख्या सै. | बाँकी बेरुजू: दफा स)ख्या ल. | बाँकी बेरुजू: रकम | बेरुजू: असुल गनुंपर्ने | बेरुजू: नियमित गनुंपर्ने: अनियमित भएको | बेरुजू: नियमित गनुंपर्ने: प्रमाणका कागजात पेश नभएको | बेरुजू: नियमित गनुंपर्ने: राजस्व लगत जिम्मेवारी नसारेको | बेरुजू: नियमित गनुंपर्ने: सोधभनां नलिएको | बेरुजू: नियमित गनुंपर्ने: जम्मा | बेरुजू: पेश्की: कमंचारी पेश्की | बेरुजू: पेश्की: अन्य पेश्की | बेरुजू: जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाटन नगरपालिका | ३१ | ११ | २८८२४ | ० | १० | १५२४४ | ३१ | १ | १३५८० | २६८ | २५३६ | १०७७६ | ० | ० | १३३१२ | ० | ० | ० |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति

२०७५।७६ (रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | पाटन नगरपालिका | वैतडी | ३३५९१ | १३३२ | ३२२५९ | ० | १३५८० | ४५८३९ |